# मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिस पार्क निर्माण तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

(माननीय मन्त्रीस्तरीय निर्णयबाट प्रथम संशोधन मिति २०७७/१२/३०)

प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिस पार्क निर्माण तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिस पार्क निर्माण तथा संचालन कार्यक्रम कार्यान्वयन(प्रथम संशोधन) कार्यविधि, २०७७-२०७७/१२/३०

<u>प्रस्तावनाः</u> बागमती प्रदेशमा मत्स्यपालनको प्रचुर सम्भावना रहेको र फस्टाउँदो माछा पालन व्यवसाय भएतापनि उचित संयन्त्र अन्तर्गत बजारीकरण गर्न नसकिएको अवस्थामा बजार व्यवस्थापन गर्नुपर्ने देखिएकोले फिस पार्क बनाई व्यवस्थित तरिकाले मत्स्यपालन व्यवसायलाई प्रर्वद्धन गरी बजारीकरणमा सहजता पुर्याउन जरुरी देखिन्छ। तसर्थ बागमती प्रदेशको मत्स्यपालन व्यावसायलाई दिगो रुपमा अगाडी बढाउने उद्देश्यले प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले **"मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिसपार्क निर्माण तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिस पार्क निर्माण तथा संचालन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक वा प्रस्तावक"** भन्नाले मत्स्य पालन गरिरहेका कृषक समूह/सहकारी संस्था/नीजि क्षेत्र सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले **मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिसपार्क निर्माण तथा संचालन कार्यक्रम** सम्बन्धी स्वीकृत बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(च) **"फिस पार्क"** भन्नाले मत्स्य पोखरी वरिपरी स्वच्छ, स्वस्थ माछा बेच्ने स्टलहरु र फिस आउटलेट तथा माछाका विभिन्न परिकार बनाई मत्स्य पर्यटन प्रवर्द्धन मार्फत माछाको वजारीकरणमा टेवा पुर्याउने स्थान सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिम समिति सम्झनु पर्छ ।

(झ) **"साझेदार संस्था"** भन्नाले छनौट भई निर्देशनालयसँग द्वि-पक्षिय सम्झौता गरेको कृषक समूह/सहकारी संस्था/नीजि क्षेत्र सम्झनु पर्छ ।

३. **उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-**

(क) माछापालन तर्फ कृषकहरुलाई आकर्षित गर्ने ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

(ख) माछाको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने।

(ग) माछापालक किसानहरुले उत्पादन गरेका माछाको बजार व्यवस्थापनमा सहज गराउने ।

(घ) नेपालमा उत्पादित माछा उपत्यकाका उपभोत्ताहरुलाई लक्षित गरी काठमाण्डौ जिल्लामा माछा बजारलाई व्यावस्थित गर्ने ।

## परिच्छेद -२

## <u>संस्थागत व्यवस्था</u>

४. **<u>मुल्याङ्कन समितिः</u>** साझेदार संस्थाबाट प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, स्थलगत प्रमाणिकरण र सिफारिसका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| प्रमुख वा निजले तोकेको वरिष्ठतम् अधिकृत, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | संयोजक |
| प्रमुख, आर्थिक प्रशासन शाखा, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| कानुन अधिकृत(सम्भव भएसम्म), | सदस्य |
| पशु विकास अधिकृत/ प.चि /म. वि. अ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| प्रमुख, खरीद इकाई पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य-सचिव |

<u>नोटः</u> आवश्यकता अनुसार समितिले बढीमा दुई जना विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३

## <u>कार्यक्रम सञ्चालन प्रकृया</u>

६. **<u>कार्यक्रम सञ्चालनः</u>** (१) यो कार्यक्रम ⊗बागमती प्रदेश भित्रका जिल्लाहरुमा सञ्चालन गरिनेछ।

(२) आगामी आ.व.हरुमा आवश्यकता र औचित्यताको आधारमा यो कार्यक्रम अन्य जिल्लाहरुमा थप गर्दै लान सकिनेछ ।

७. **<u>प्रस्ताव आह्वानः</u>** यो कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न ३० दिनको समय अवधी दिई दैनिक पत्रिकामा अनुसूची -१ बमोजिम निर्देशनालयले सूचना प्रकाशन गर्नेछ ।

---

⊗ प्रथम संशोधनद्वारा संशोधित

८. **<u>प्रस्ताव दर्ताः</u>** यो कार्यक्रममा सहभागी हुने ईच्छुक साझेदार संस्थाले अनुसूची -२ बमोजिम आवेदन, अनुसूची -३ बमोजिम संक्षित कार्ययोजना, अनुसूची -४ बमोजिम प्रतिबद्धता पत्रका साथ निर्देशनालय/सम्बन्धित कार्यालयमा वा निर्देशनालयको Email मार्फत Online पनि प्रस्ताव दर्ता गर्न सक्नेछन्। Online मार्फत प्रस्ताव दर्ता गर्दा आवेदकले आवश्यक कागजातहरु प्रमाणित गरी फार्मको छाप समेत लगाई प्रस्ताव पेश गर्नु पर्नेछ।

९. **<u>आवेदकको छनौटः</u>** साझेदार संस्थाको छनौट प्रक्रिया देहाय वमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्कनका आधारहरु तयार गरि प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ।

(ख) मूल्याङ्कन समितिलाई आवश्यक लागेमा स्थलगत प्रमाणिकरण समेत गर्न सक्नेछ।

(ग) स्थलगत प्रमाणिकरण र मूल्याङ्कनका आधारहरूमा आवेदक संस्थाको छनौट गरि स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ।

(घ) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. **<u>प्रस्तावकलाई</u> जानकारीः** छनौट भएको साझेदार संस्थालाई निर्देशनालयले निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनेछ ।

११. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको सात दिन भित्र अनुसूची -५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

(३) सम्झौता पश्चात साझेदारले अग्रिम रुपमा निर्देशनालयको विविध बैंक खातामा लागत साझेदारी बापतको रकम जम्मा गर्नेछ ।

(४) रकम जम्मा भए पश्चात निर्देशनालयले सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद तथा निर्माण नियमावली २०६४ को अधिनमा रही प्रकृया अघि बढाउनेछ।

## परिच्छेद -४
## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

१२. कृषक समूह/सहकारी संस्था /नीजि क्षेत्रको कार्ययोजनाको आधार र **मत्स्यपालन प्रवर्द्धन र विकासका लागि फिसपार्क निर्माणका** लागि आवश्यक न्युनतम क्रियाकलापहरु समेटिने गरी सम्झौता गरिनेछ।

प्रदेश सरकार

**१३. संचालन गर्न सकिने क्रियाकलापहरुः** साझेदार संस्थालाई तपशिल बमोजिमको क्रियाकलापहरू संचालन गर्न साझेदारी रकम उपलब्ध गराइनेछः-

| क्र.स | क्रियाकलापहरु | साझेदारी रकम | कैफियत |
|---|---|---|---|
| १ | पोखरी निर्माण (फिस पार्क भित्र प्रर्दशनीको लागि) | बढीमा ५० प्रतिशत | |
| २ | चिलिङ भ्यान तथा अक्सिजन जडान पिक अफ गाडी (पानी ट्यांकी, एरिएटर) | | |
| ३ | माछा भण्डारण भवन | | |
| ४ | फिस आउटलेट | | |
| ५ | डिप फ्रिज | | |
| ६ | सिंचाई व्यवस्था | | |
| ७ | ओभरहेड ट्यांक | | |
| ८ | माछा बेच्ने स्टल (जीउदो, मारेको) | | |
| ९ | माछाका जातहरु अंकित बनावटको गेट | | |
| १० | अन्य आवश्यक पर्ने औजार/उपकरण (पोर्टेवल माछा पोखरी, पानी राख्ने ट्यांकी, बिधुतिय ब्यालेन्स मेशिन, एरिएटर, एप्रोन, ग्लोव, चपिङ बोर्ड, जाल (हेड नेट), ट्रे, ह्यामक, बिभिन्न साईजका स्कुपनेट, नाप्ने फिता वा स्केल, स्पनिङ् ट्यांक ढाक्न मोटो जाल, हापा, प्लासटिकका बाटा बाल्टिन) | | |

## परिच्छेद -५
## मापदण्ड

**१४. साझेदार संस्थाले पालना गर्नुपर्ने विषयहरुः** (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदार संस्थालाई प्राथमिकता दिईनेछ,

(ख) भाडामा लिएको भए कम्तीमा १० वर्षसम्म भाडामा लिएको आधिकारिक करार-पत्र लिएको हुनु र सो जग्गाको जग्गाधनी प्रमाण पुर्जा हुनुपर्ने वा पर्नेछ,

(ग) विधुत आपुर्तिको सुविधा र सडकको सहज सुविधा भएको स्थान हुनु पर्नेछ ।

(घ) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा पाँच वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ।

(ङ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणीय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ ।

(च) नियम अनुसार सरकारी निकायमा दर्ता भएको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(छ) नेपाल सरकारले पालन प्रविधिका लागि सिफारिस गरिएका माछाका जातहरू हुनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी निर्देशनालयबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

## परिच्छेद -६
## विविध

१५. **प्रगति प्रतिवेदनः** (१) कार्यक्रमको अनुदान प्राप्त गर्ने साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

१६. **संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१७. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## अनुसूची -१

(दफा ७ सँग सम्वन्धित)

<u>प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना</u>

**प्रथम पटक प्रकाशित मितिः … … … …**

आर्थिक वर्ष २० …/ … को बार्षिक स्वीकृत कार्यक्रममा **मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिसपार्क निर्माण तथा संचालन कार्यक्रम** रहेको हुँदा इच्छुक कृषक समुह/ सहकारी संस्था/ नीजि क्षेत्रहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र तपशिलमा उल्लेखित कागजातहरू संलग्न गरी कार्यालयमा अनुसूची -२ बमोजिम आवेदन-पत्र, अनुसूची -३ बमोजिम संक्षिप्त व्यावसायिक कार्ययोजना र अनुसूची -४ बमोजिम प्रतिवद्धता-पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

१. रु. १० को टिकट टाँसेको अनुसुची-२ अनुसारको आवेदन,
२. सहकारी संस्थाको हकमा आवेदन-पत्र साथ सञ्चालक समितिको बैठकले कार्यक्रम माग गर्न गरेको निर्णय प्रतिलिपी,
३. जग्गाधनी प्रमाण पुर्जा वा भाडामा लिएको भए कम्तीमा १० वर्षसम्म भाडामा लिएको आधिकारिक करार पत्र,
४. अनुसूची-३ बमोजिमको संक्षिप्त व्यावसायिक कार्ययोजना (प्रस्ताव),
५. अनुसूची-४ अनुसारको घटिमा ५ वर्षसम्म प्रस्तावित व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता-पत्र,
६. प्रस्तावक संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता,
७. कृषक समूह/सहकारी संस्था/नीजि क्षेत्र सम्बन्धित निकायमा दर्ता प्रमाणपत्र,
८. स्थायि लेखा नम्बर दर्ता प्रमाणित प्रतिलिपि,
९. साझेदार संस्थाको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक ब्यालेन्स) वा बैङ्कको लेटर अफ इन्टेन्ट ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी
बागमती प्रदेश

**अनुसूची -२**
**(दफा ८ सँग सम्वन्धित)**
**आवेदन-पत्र**

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
बागमति प्रदेश, हेटौडा, मकवानपुर

**विषयः-** अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति ... ... ... ... मा प्रकाशित सूचना अनुसार **मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिसपार्क निर्माण तथा संचालन कार्यक्रम** गर्ने ईच्छा भएकोले निम्नानुसार कागजात राखी नियमानुसारको अनुदान सहयोग उपलब्ध गराई पाउन निवेदन गर्दछु । मेरो आवेदन तथा प्रस्ताव स्वीकृत भएमा सम्बन्धित जिल्लाभित्र रही संलग्न प्रस्ताव तथा प्रतिवद्धता अनुरुपको कार्य गर्नेछु ।

**तपशिलः**

१. कृषक समुह/सहकारी संस्थाको हकमा आवेदन-पत्र साथ सञ्चालक समितिको बैठकले कार्यक्रम माग गर्न गरेको निर्णय प्रतिलिपि,
२. जग्गाधनी प्रमाण पुर्जा वा कम्तीमा १० वर्षसम्म भाडामा लिएको करार पत्र (भाडामा लिएको जग्गाको जग्गाधनी प्रमाण पुर्जा),
३. अनुसूची -३ बमोजिम संक्षिप्त व्यावसायिक कार्ययोजना (प्रस्ताव),
४. अनुसूची -४ अनुसार घटिमा ५ वर्षसम्म व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता-पत्र,
५. संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता,
६. कृषक समुह/सहकारी संस्था/ नीजि क्षेत्र सम्बन्धित निकायमा दर्ता प्रमाणपत्र,
७. सहकारी संस्था/नीजि क्षेत्रको स्थायी लेखा नम्बर प्रतिलिपि,
८. कर चुक्ता प्रमाण,

**निवेदन पेश गर्नेकोः**
दस्तखत र मितिः
नाम, थरः
पदः
समूह/ सहकारीको नाम र ठेगानाः
संस्थाको छापः

## अनुसूची -३
(दफा ८ सँग सम्वन्धित)

**संक्षिप्त व्यावसायीक कार्ययोजना (प्रस्ताव)**

| | |
|---|---|
| १. कृषक समूह/ सहकारी/निजी व्यवसायीको नामः | |
| २. ठेगाना | ३. लिङ्गः |
| ४. परियोजनाको क्षेत्रफलः | ५. परियोजना स्थलः |
| ६. शैक्षिक योग्यताः | |
| ७. मत्स्य व्यवसाय सम्बन्धी तालिम लिएको भएः | |
| क.तालिमको अवधिः | ख.अवधि ........................देखि ............... सम्म |
| ग.प्रदान गर्ने संस्थाः | |

८. परियोजनाको उद्देश्यः

९. परियोजनामा सम्पन्न गरिने क्रियाकलापहरु

| विवरण | संख्या | लागत अनुमान | सेवाग्रहिले व्यहोर्ने |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१०. संलग्न हुने जनशक्तिको विवरण

| विवरण | संख्या | योग्यता | खर्च हुने रकम |
|---|---|---|---|
| सुरक्षा | | | |
| फार्म व्यवस्थापन | | | |
| प्राविधिक | | | |
| पूर्ण रोजगारी हुन सक्ने संख्या | | | |
| साझेदार संस्थाका सदस्यहरुको योग्यता | | | |

| | | | |
|---|---|---|---|
| क) स्नातक उतिर्ण गरेको<br>ख) प्रमाणपत्र तह उतिर्ण गरेको | | | |

११. विक्रि अनुमानः

| विवरण | इकाई | परिमाण | बिक्री दर (रु) | अनुमानित आय (रु.) |
|---|---|---|---|---|
| खानेमाछा (ठुलो साइज) | | | | |
| खानेमाछा (छडी माछा) | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

१२. वातावरणिय प्रभावः

| विवरण | सूचि गर्ने |
|---|---|
| प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आँकलन गर्ने | (क)<br>(ख) |
| वातावरणमा नकरात्मक असर पर्ने भए न्युनिकरणका उपायहरु सामेल गर्ने | (क)<br>(ख) |

१३. १० वर्षे योजना/ वित्तिय विश्लेषण, नक्सा, रेखाङ्कन आदि समेत पेश गर्न सकिनेछ ।

१६. उल्लेखित बुदाँहरूलाई समेट्ने गरी प्रस्ताव नयाँ ढाँचामा (थप/घट) तयार गरी पेश गर्न सक्ने छन् ।

प्रस्तावकको नाम थर :

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

अनुसूची -४

(दफा ८ सँग सम्बन्धित)

**प्रतिवद्धता-पत्र**

कार्यालयको मिति २०७.../..../.... को सूचना अनुसार मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिसपार्क निर्माण तथा संचालन कार्यक्रम गर्न ईच्छा भएकोले सो कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन गरेको छु/ छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटिमा ५ वर्षसम्म निरन्तरता दिनेछु/ छौं र परियोजनाको विमा समेत गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु/ छौं । प्रतिवद्धता अनुरुपको कार्य नगरेमा प्रचलित ऐन कानून बमोजिम सहुँला/ बुझाउँला । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट अनुदान सहयोग प्राप्त नगरेको र संचालित क्रियाकलापबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिवद्धता समेत ब्यक्त गर्दछु/ छौं । सम्बत् २०७.../.../... गते रोज ... शुभम् ।

नाम थरः

सहकारी/ निजी व्यवसायीको नामः

वतनः

दस्तखतः

मितिः

समूह/ सहकारीको छापः

| दायाँ | वायाँ |
|---|---|
| | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -५

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

**द्वि-पक्षिय सम्झौता-पत्र**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नीजि क्षेत्र/सहकारी संस्था सँगको पचास प्रतिशत लागत साझेदारीमा मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिस पार्क निर्माण तथा संचालन सम्बन्धी मिति ... ... ... गतेको ... ... ... राष्ट्रिय/स्थानीय पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ... ... ... ... को प्रस्ताव छनौट भएको हुँदा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी मत्स्यपालन प्रर्वद्धन र विकासका लागि फिस पार्क निर्माण तथा संचालन लागि द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/दियौं।

**तपशिलः**

(१) दोश्रो पक्षले सम्झौता प्रश्चात साझेदार गर्ने रकम प्रथम पक्षको विविध बैङ्क खातामा जम्मा गर्नेछ।

(२) प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह/सुझाव दिन सक्नेछ ।

(३) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित निर्देशनालय सबैले देख्ने गरी राख्नु पर्नेछ।

(४) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(५) दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको चौमासिक प्रगति प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(६) कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(७) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

**दोस्रो पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

संस्थाः

संस्थाको छापः

**प्रथम पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

बोर्डः

बोर्डको छापः

**रोहवर**

हस्ताक्षरः

हस्ताक्षरः

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

इति सम्वत् ............... साल ................. महिना ......... गते रोज ........ शुभम् ।